मिति २०७६।१२।१७

**छलफलका लागी पेश भएका प्रस्तावहरु**

१. कोरोना रोगको रोकथामको लागी दिएको पेश्की खर्चको समर्थन सम्वन्धमा ।

## निर्णय नं. १

आजको यस नगरकार्यपालिकाको वैठकको कार्यसुचिमा चढी निर्णयको लागि पेश भएको कोरोना रोगको रोकथामको लागी दिएको पेश्की खर्चको समर्थन सम्वन्धी प्रस्तावमा छलफल गर्दा हाल विश्वव्यापी रुममा फैलिरहेको कोरोना भाइरस (कोभिड –१९)को रोकथाम तथा नियन्त्रणका लागी यस नगरपालिकामा प्रचार प्रसार क्वारेन्टाइन निर्माण तथा प्रत्येक वडा कार्यालय तथा गरीव समुदायका परिवारहरुलाई सावुन वाल्टीन तथा मास्क समेत वितरण र लामखुट्टे नियन्त्रणका लागी मेशीन तथा औषधी खरिद गरी छिट्नका गर्नका लागी नगर प्रमुख ज्युको आदेश अनुसार स्वास्थ संयोजकलाई दिएको रु पाँचलाख तथा उप संयोजकलाई दिएको रु दुइलाख पेश्की रकम मनासिव भएकोले पछि काम सम्पन्न भएपछि फर्छौट गर्ने गरी समर्थन गर्ने र सावुन, वाल्टीन, मार्क्स तथा स्वास्थ्यकर्मीहरुलाई आवश्यक पर्ने सामाग्रीहरु खरिद गर्न उक्त पेश्की दिएको रकमबाट नपुग हुने भएकोले प्रत्येक वडामा २०० घरधुरी विपन्न परिवार भएको निजहरुलाई हात धुनको लागी सावुन, वाल्टीन प्रत्येक वडामा ५० थानका दरले र माक्स प्रत्येक वडामा १००० का दरले खरिद गर्न रकम नपुग भएको हुँदा पुन रु दश लाख रकम स्वास्थ्य शाखाका हे .अ. नवल किसोर रायलाई पेश्की दिन प्रमुख प्रशासकिय अधिकृतलाई निर्देशन सहित आदेश दिने निर्णय गरियो ।

हरिपुर नगरपालिका, सर्लाही